**१. प्रस्तावना**

त्रिभुवन विश्वविद्यालय (त्रि.वि.), व्यवस्थापन संकाय अन्तर्गत जनप्रशासन क्याम्पस, बल्खुले एम. पि. ए. (MPA) तथा बि. पि. ए. (BPA) कार्यक्रमका विभिन्न सेमेष्टरहरुमा भर्ना भई अध्ययनरत विद्यार्थीहरुलाई त्रि. वि. नियमानुसार उपलब्ध गराईने छात्रवृत्तिलाई व्यवस्थित रुपमा तथा लक्षित विद्यार्थीहरुलाई प्रदान गर्ने प्रयोजनको लागि यो "**जनप्रशासन क्याम्पसको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९** " तयार गरिएको छ।

**२. संक्षिप्त नाम र प्रारम्भ**

२.१ यस कार्यविधिको नाम "**जनप्रशासन क्याम्पसको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९**" रहेको छ।

२.२ यो कार्यविधि क्याम्पसको कार्यकारी समितिबाट स्वीकृत गरे पछि लागु हुनेछ।

**३. परिभाषा**

यस कार्यविधिमा प्रयोग भएका शब्द र वाक्यांशहरू प्रसंगवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या सोही अनुरूप हुनेछ । विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**विश्वविद्यालय**" भन्नाले त्रिभुवन विश्वविद्यालयलाई सम्झनु पर्दछ ।

(ख)"**डीनको कार्यालय**" भन्नाले त्रि. वि.व्यवस्थापन संकाय डीनको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "**वि. पि. ए. कार्यक्रम**" भन्नाले यस क्याम्पसमा Bachelor of Public Administration(BPA)कार्यक्रमलाई सम्झनु पर्दछ ।

(घ) "**एम. पि. ए. कार्यक्रम**" भन्नाले यस क्याम्पसमा संचालित Master of Public Administration(MPA) कार्यक्रमलाई संझनु पर्दछ ।

(ङ) "**क्याम्पस**" भन्नाले जनप्रशासन क्याम्पस बल्खुलाई सम्झनु पर्दछ ।

(च) "**क्याम्पस प्रमुख**" भन्नाले जनप्रशासन क्याम्पसको प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "**क्याम्पस कार्य समिति**" भन्नाले यस जनप्रशासन क्याम्पसमा गठन गरिएको कार्यकारी समितिलाई सम्झनु पर्दछ।

(ञ) "**विद्यार्थी**" भन्नाले यस जनप्रशासन क्याम्पसमा एम. पि. ए. तथा बि. पि. ए. कार्यक्रमका विभिन्न सेमेष्टरहरुमा भर्ना भई नियमित रुपमा अध्ययनरत विद्यार्थीहरुलाई सम्झनु पर्दछ ।

(ट) "**जेहन्दार छात्रवृत्ति**" भन्नाले उत्कृष्ट अंक प्राप्त गरेका विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिलाई सम्झनु पर्दछ।

(ठ) "**निःशुल्क छात्रवृत्ति**" भन्नाले क्याम्पसको नियमानुसार तिरेको शिक्षण शुल्क मिनहा भनेर सम्झनु पर्दछ।

**४. छात्रवृत्ति समिति**

यस क्याम्पसमा एम. पि. ए. (MPA) तथा बि. पि. ए. (BPA) कार्यक्रमका विभिन्न सेमेष्टरहरुमा भर्ना भई अध्ययनरत विद्यार्थीहरुलाई त्रि. वि. नियमानुसार छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनको लागि छात्रवृत्ति समितिको गठन गरिनेछ।

### ४.१ छात्रवृत्ति समितिको गठन

क्याम्पस प्रमुखले क्यामपसमा प्राध्यापनरत शिक्षकको संयोजकत्वमा क्याम्पसको प्रशासन, परिक्षा, लेखा र पुस्तकालय शाखा प्रमुखको समेत प्रतिनिधित्व हुनेगरि बढीमा ७(सात) सदस्यीय एक छात्रवृत्ति समितिको गठन गरिनेछ ।

### ४.२ छात्रवृत्ति समितिको काम, कर्तव्य तथा अधिकार

दफा ४.१ वमोजिम गठित छात्रवृत्ति समितिको काम, कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हुनेछ।

क) एम. पि. ए. (MPA)तथा बि. पि. ए. (BPA) कार्यक्रमका विभिन्न सेमेष्टरहरुमा भर्ना भई अध्ययनरत विद्यार्थीहरुलाई नियमानुसार प्रदान गरिने निशुल्क छात्रवृत्तिको लागि आवेदन फाराम **अनुसुची १** बमोजिम कम्तीमा एक हप्ताको समय सिमा तोकी माग गर्ने।

ख) सम्बन्धित विद्यार्थीहरुबाट प्राप्त आवेदनहरुको छानविन गर्ने तथा नियमानुसार प्राप्त भएका तथा रित नपुगी प्राप्त भएका आवेदन फारमहरुका सम्बन्धमा सम्बन्धित विद्यार्थीहरुलाई जानकारीको लागि सूचना जारी गर्ने ।

ग) नियमानुसार प्राप्त नभएका तथा रित नपुगेका आवेदन फारमहरु रद्द गर्ने ।

घ) निःशुल्क छात्रवृत्तिको लागि आवेदन दिने विद्यार्थीहरुको अन्तर्वार्ताको लागि मिति तथा समय तोकि सूचना जारी गर्ने ।

ङ) निःशुल्क छात्रवृत्तिको लागि आवेदन दिने विद्यार्थीहरुको अन्तर्वार्ता संचालन गर्ने ।

च) निशुल्क छात्रवृत्तिको लागि आवेदन दिई अन्तर्वार्तामा संलग्न हुने विद्यार्थीहरूमध्ये नियमानुसार छात्रवृत्ति उपलब्ध गराईने विद्यार्थीहरुको सूचि तयार गरि क्याम्पस प्रमुख समक्ष छात्रवृत्तिको लागि नाम सिफारिस गर्ने।

छ) निःशुल्क छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा नियमानुसार अन्य कार्यहरु गर्ने।

### ४.३ छात्रवृत्ति समितिको वैठक, गणपुरक संख्या तथा बैठक भत्ता

क) छात्रवृत्ति समितिको वैठक क्याम्पस प्रमुखको समन्वयमा आवश्यकता अनुसार बस्नेछ । बैठकको अध्यक्षता समितिका संयोजकले गर्नेछ । यदि कुनै कारणले संयोजकको उपस्थिति बिना बैठक बस्नु पर्ने अवस्थामा बैठकको अध्यक्षता समितिका सदस्यहरु मध्ये प्राज्ञिक हिसाबले वरिष्ठ (Academic Seniority) सदस्यले गर्नेछ।

ख) छात्रवृत्ति समितिमा तत्काल कायम रहेको सदस्य संख्याको कम्तीमा ५१% प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ । छात्रवृत्ति समितिको निर्णयहरु सदस्यहरु बीचको आपसी सहमतिमा र सो सहमति हुन नसकेमा बहुमतको आधारमा गर्न सकिनेछ । छात्रवृत्ति समितिको वैठकमा उपस्थित संयोजक र सदस्यहरू तथा आमन्त्रितहरूलाई नियमानुसार वैठक भत्ता उपलब्ध गराईनेछ।

४.३.१ छात्रवृत्ति समितिले आफ्नो कार्यसम्पादनको क्रममा छात्रवृत्तिसँग सरोकार भएको सम्बन्धीत व्यक्ति तथा विद्यार्थी प्रतिनिधिहरुलाई आवश्यकता अनुसार समितिको बैठकमा उपस्थित गराउन तथा राय सुझाव लिन सक्नेछ । समितिले आफ्नो कार्यसम्पादन क्याम्पसमा कार्यरत कुनै कर्मचारीहरुको सहयोगमा गर्नपर्ने अवस्थामा क्याम्पस प्रमुखको समन्वयमा कुनै कर्मचारीलाई आफ्नो कार्यमा संलग्न गराउन सक्नेछ।

**५. निशुल्क छात्रवृत्ति प्रदान गर्ने संख्या तथा आधारहरु**

५.१ एम. पि. ए. कार्यक्रमको विभिन्न सेमेष्टरहरुमा भर्ना भई अध्यनरत विद्यार्थीहरु मध्ये १५ (पन्ध्र) प्रतिशत विद्यार्थीहरु लाई  निःशुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

**एम. पि. ए. कार्यक्रममा निः शुल्क छात्रवृत्तिको लागि विद्यार्थीहरुको छनौट गर्ने आधारहरु देहाय बमोजिम हुनेछ ।**

क) निःशुल्क छात्रवृत्ति पाउने कुल संख्या (भर्ना भएका विद्यार्थीहरुको संख्याको १५ प्रतिशत) लाई शत प्रतिशत मानि सोको पचास प्रतिशत लाई खुल्ला तथा पचास प्रतिशतलाई आरक्षण कोटामा राखिनेछ।

ख) खुल्ला तर्फको पचास प्रतिशत निशुल्क छात्रवृत्ति प्रदान गर्दा आवेदन दिने तथा अन्तरवार्तामा समावेश हुने विद्यार्थीहरु मध्ये एस. एल. सी. वा एस. ई. ई. परीक्षा सरकारी विद्यालयबाट उतिर्ण गरेको, तथा स्नातक तह त्रि.वि. को आंगिक क्याम्पस वा  सामुदायिक कलेज वा क्याम्पसबाट उतिर्ण गरेका विद्यार्थीहरुलाई प्राथमिकता दिईनेछ।

ग) आरक्षण तर्फको पचास प्रतिशत निशुल्क छात्रवृत्ति प्रदान गर्दा आवेदन दिने तथा अन्तरवार्तामा समावेश हुने विद्यार्थीहरु मध्ये नेपाल सरकारको समावेशी नितिलाई आधार मानी आरक्षणको ५० % लाई १००% मानी सो को ३३% महिला, २७ %जनजाती,  २२% मधेशी, ९ % दलित, ५% अपाङ्ग, तथा ४ % पिछडिएको क्षेत्रका दरले विद्यार्थीहरुलाई छात्रवृती वितरण गरिनेछ। अपाङ्गता भएका विद्यार्थीहरूको निवेदन नपरेमा सो कोटाको प्रतिशत पिछडिएका क्षेत्रमा गाभिने छ। यस्तो छात्रवृत्तिकोलागि पनि खुला तर्फ कै सर्तहरू लागु हुने छ। साथै खुल्ला र आरक्षण तर्फका लागि आवश्यक प्रमाणीत कागजातहरू पेश गर्नु पर्ने छ।

घ) एम.पि.ए विहानी शत्रमा अध्ययरत अपाङ्ग भएका विद्यार्थीहरूलाई १ %  र बेलुकी शत्रमा अध्ययरत अपाङ्ग भएका विद्यार्थीहरूलाई १% त्रि.वि. नियमानुसार छात्रवृत्ति दिईने छ।सो का लागि प्रमाणित कागजात सहित निवेदन पेश गरि अन्तरवर्तामा उपस्थित हुन पर्ने छ।

ङ) माथि जे सुकै लेखिएतापनि रोजगारी भएका र अघिल्ला सेमेष्टरहरूमा अनुत्तिर्ण हुने विद्यार्थीहरूलाई छात्रवृत्ति दिन बाध्यहुने छैन।

**५.२ वि. पि. ए. कार्यक्रममा अध्यनरत विद्यार्थीहरुको लागि देहाय बमोजिम छात्रवृत्ति प्रदान गरिनेछ ।**

क) शैक्षिक सत्र २०७७/०७८ भन्दा पहिले भर्ना भई विभिन्न सेमेष्टरहरुमा अध्यनरत विद्यार्थीहरुको लागि सम्बन्धीत सेमेष्टरमा कम्तीमा ३० (तीस) जना विद्यार्थी भर्ना भएको अवस्थामा २ (दुई) जना विद्यार्थीलाई भर्ना शुल्कको ५० (पचास) प्रतिशत बराबरको रकम छात्रवृत्ति प्रदान गररिने छ।

ख) शैक्षिक सत्र २०७८/०७९ वा सो भन्दा पछि भर्ना भई विभिन्न सेमेष्टरहरुमा अध्यनरत विद्यार्थीहरुको लागि सम्बन्धीत सेमेष्टरमा भर्ना विद्यार्थीहरु मध्ये जम्मा १० (दश) प्रतिशत विद्यार्थीहरुलाई भर्ना शुल्कको ५०% बराबरको रकम छात्रवृत्ति प्रदान गरिनेछ ।

**५.३ वि. पि. ए. कार्यक्रमको विभिन्न सेमेष्टरहरुमा भर्ना भई अध्यनरत विद्यार्थीहरुबाट आवेदन आव्हान गरि निम्नानुसार विद्यार्थीहरुको अन्तरवार्ता संचालन गरि विद्यार्थीहरुलाई छात्रवृत्तिको लागि सिफारिस गर्दा निम्नानुसारको प्राथमिकताको आधारमा गरिनेछ ।**

क) नेपालका सरकारी तथा सामुदायिक विद्यालयबाट एस. एल. सी (SLC) वा एस. इ. ई. (SEE) र नेपालका सरकारी वा सामुदायिक उच्च मा. वि. बाट कक्षा १२ (दश जोड दुई) वा सो सरह उतिर्ण गरेका विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिईनेछ । ।

ख) नेपालका सरकारी वा सामुदायिक उच्च मा. वि. बाट कक्षा १२ (दश जोड दुई) उतिर्ण गरेका विद्यार्थीहरुलाई दोस्रो प्राथमिकता दिईनेछ ।

ग) नेपालका सरकारी वा सामुदायिक माध्यामिक विद्यालयबाट एस. एल. सी (SLC) वा एस. इ. ई. (SEE) वा सो सरह उतिर्ण विद्यार्थीहरुलाई तेस्रो प्राथमिकता दिईनेछ ।

घ) सामुदायिक विद्यालयबाट अध्ययन गरेका विद्यार्थीहरू प्राथमिकता सूचिमा राख्दा प्रवेशिका र दश जोड दुई दुवै सामुदायिकविद्यालयबाट अध्ययन गरेका विद्यार्थीलाई पहिलो प्रथमिकता सूचिमा र दुई मध्ये एक मात्र सामुदायिक विद्यालयबाट अध्ययन गरेका विद्यार्थीहरूलाई दोस्रो प्राथमिकता सुचिमा राखि छात्रवृत्ति उपलब्ध गराईने छ।साथै माथि जे सुकै लेखिएतापनि रोजगारी भएका र अघिल्ला सेमेष्टरहरूमा अनुत्तिर्ण हुने विद्यार्थीहरूलाई छात्रवृत्ति दिन बाध्यहुने छैन।र पिछडिएका क्षेत्रलाई प्रथामिकता दिईनेछ।

ङ) माथि उल्लेखित ५.३ को क,ख र ग का लागि आवश्यक प्रमाणित कागजातहरू पेश गर्नु पर्नेछ।

**६. जेहान्दार छात्रवृत्ति**

क) क्याम्पसमा एम. पि. ए. कार्यक्रममा भर्ना भई अध्ययनरत विद्यार्थीहरु मध्ये व्यवस्थापन संकाय, डीनकार्यालयले संचालन गरेको प्रत्येक सेमेष्टरको अन्तिम परीक्षामा सबै विषयहरु उतिर्ण गरि सबै भन्दा बढी सि. जि. पि. ए (CGPA) प्राप्त गर्ने एक जना छात्र तथा एकजना छात्रा लाई त्रि. वि. को नियमानुसार प्रति महिना रु १,५०० (पन्ध्र सय) का दरले प्रत्येक एक सेमेष्टरको एकमुष्ट रु ९,००० (नौ हजार) जेहन्दार छात्रवृत्ति प्रदान गरिनेछ।

ख) क्याम्पसमा  बि.पि.ए. कार्यक्रममा भर्ना भई अध्ययनरत विद्यार्थीहरु मध्ये व्यवस्थापन संकाय, डीनकार्यालयले संचालन गरेको प्रत्येक सेमेष्टरको अन्तिम परीक्षामा सबै विषयहरु उतिर्ण गरि सबै भन्दा बढी सि. जि. पि. ए (CGPA) प्राप्त गर्ने एक जना छात्र तथा एकजना छात्रा लाई  प्रत्येक एक सेमेष्टरको एकमुष्ट रु ४,५००।- (चार हजार पाँच सय) का दरले जेहन्दार छात्रवृत्ति प्रदान गरिनेछ।

ग) माथि उल्लेखित जेहान्दार छात्रवृत्ति प्रदान गर्दा दुई वा दुई भन्दा बढी विद्यार्थीहरुको प्राप्तांक बराबर भएमा दामासाहीले छात्रवृत्ति रकम प्रदान गरिनेछ ।एउटै विद्यार्थीलाई दोहोरो छात्रवृत्ति प्रदान गरिने छैन।

**७. छात्रवृत्ति कोष तथा व्यवस्थापन**

कुनै स्वदेशी तथा विदेशी व्यक्ति, सरकारी, निजि तथा गैरसरकारी संघ संस्था तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुले क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई कुनै प्रकारको छात्रवृत्ति प्रदान गर्न चाहेमा त्यस्तो दाताहरुसँग सम्झौता गरिनेछ । यसरी प्रदान गरिने छात्रवृत्ति दातासँग भएको सम्झौता तथा दाताले गरेको शर्तनामा अनुसार छात्रवृत्ति प्रदान गर्ने सम्बन्धी संख्या, प्रकृया, आधारहरु क्याम्पस कार्य समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**८. विविध**

क) यस कार्यविधिमा उल्लेख नभएको वा यस कार्यविधि अनुसार कार्य गर्दा कुनै द्धिविधा उत्पन्न भएमा त्रि. वि. नियमानुसार, ब्यवस्थापन संकाय डिन कार्यालय कार्यविधी तथा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

ख) कार्यकारी समितिको निर्णयले यो कार्यविधिमा आवश्यक संशोधन गर्न सकिनेछ ।

**९. बचाउ तथा खारेजी**

क) यो कार्यविधि लागु हुनु भन्दा अघि गरिएका सम्पूर्ण कार्यहरु तथा निर्णयहरु यहि कार्यविधि अनुसार गरिएको मानिनेछ ।

ख) यो कार्यविधि लागु भएपछि यस अघि कार्यान्वयनमा रहेको विधि तथा प्रकृया स्वतः खारेज भएको मानिनेछ।

| |
|---|
| कार्यालय प्रयोजनाकालागि मात्र |
| दर्ता नः |
| मितिः |

## अनुसुची-१
## निवेदनको ढाँचा

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो र हस्ताक्षर |

मितिः

श्रीमान क्याम्पस प्रमुखज्यू,
जन-प्रशासन क्याम्पस बल्खु।

विषयः छात्रवृत्ति सम्वन्धमा ।

उपर्युक्त विषयमा यस क्याम्पस **व्यवस्थापन** संकाय **...............**तह.................. समुह ................. सेमेष्टरमा छात्रवृत्ति पाँउ भनि तपसिलको विवरण र कागजातहरू सहित यो निवेदन पेश गरेको छु ।

तपसिलः

**१.व्यक्तिगत विवरणः**

| | | | | |
|---|---|---|---|---|
| **नाम, थरः(देवनागरीमा)** | | | | |
| **NAME:** | | | | |
| **ठेगानाःस्थायीः** | प्रदेशः | जिल्लाः | पालिकाः | वडाः |
| **ठेगानाःअस्थायीः** | प्रदेशः | जिल्लाः | पालिकाः | वडाः |
| **बाबुको नाम थरः** | | | | |
| **आमाको नाम थरः** | | | | |
| **जन्म मितिः** | | लिङ्ग | | |
| **फोन नः** | | | ईमेलः | |

**२. क. शैक्षिक योग्यताः**

| **शैक्षिक उपाधी** | **शैक्षिक संस्थाको नाम** | **श्रेणी/ग्रेड** | **प्रतिशत / जि.पि.ए** |
|---|---|---|---|
| SLC वा SEE वा सो सरहः | | | |
| +२ वा सो सरह | | | |
| स्नातक वा सो सरह | | | |

**ख. अध्ययन गरेको शैक्षिक सस्थाको प्रकारः( चिन्ह ☑ लगाउनुहोस् अन्य कुनै भए खुलाउनुहोस)**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **१.SLC वा SEE वा सो सरहः** | क.सरकारी | ☐ | ख.सामुदायिक | ☐ | ग.निजि | ☐ | घ.अन्यः | ☐ |
| **२.+२ वा सो सरहः** | क.सरकारी | ☐ | ख.सामुदायिक | ☐ | ग.निजि | ☐ | घ.अन्यः | ☐ |
| **३. स्नातक वा सो सरहः** | क.आंगिक | ☐ | ख.सामुदायिक | ☐ | ग.निजि | ☐ | घ.अन्यः | ☐ |

**ग. सेमेस्टर ग्रेड सिट (दोस्रो, तेस्रो, चोथो, पाचौं, छैटौं, सातै र आठौंका लागि)**

| विवरण | पहिलो सेमेस्टर | दोस्रो सेमेस्टर | तेस्रो सेमेस्टर | चौथो सेमेस्टर | पाचौं सेमेस्टर | छैठौं सेमेस्टर | सातौं सेमेस्टर | आठौं सेमेस्टर |
|---|---|---|---|---|---|---|---|---|
| सि.जि.पि.ए | | | | | | | | |
| ग्रेड | | | | | | | | |

**३. रोजगारीको अवस्थाः(कुनै एउटामा ☑ चिन्ह लगाउनुहोस्)**

क.सरकारी ☐ ख.निजि ☐ ग.वेरोजगार ☐

रोजगारी भएः तह ☐ क.स्थाई ☐ ख.करार ☐ ग.अस्थायी ☐

**४.समवेसी ( चिन्ह ☑ लगाउनुहोस्)**

क.खुल्ला ☐ ख. महिला ☐ ग.आदिवासी/जनजाति ☐

घ.मधेशी ☐ ङ.दलित ☐ च.अपाङ्ग ☐

छ.पिछडिएको क्षेत्र ☐

**माथिको उल्लेखित विवरण सहि र साँचो हो। झुटो ठहरिय कानुन बमोजिम सहुला बुझौंला ।**

**<u>निवेदक</u>**

**दस्तखतः....................................**

**नामः..................................................**

**रोल नः..........................................**

**आवश्यक कागकजातहरूः**

१. नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ,
२. प्रवेशिका (SLC/SEE), १०+२ र स्नातकतहको शैक्षिक प्रमाण पत्रहरु (ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाण पत्र),
३. सामुदायिक वा सरकारी उच्च मा.वि. बाट उच्च माध्यमिक शिक्षा वा सो सरहको परिक्षा उत्तिर्ण गरेकोमा राष्ट्रिय परीक्षा बोर्ड वा सो अन्तर्गतको कार्यालय, सम्बन्धित विद्यालय वा सम्बन्धित पालिकाले शिक्षण संस्था सामुदायिक वा सरकारी हो भनी गरेको सिफारिश पत्र।
४. स्नातक अध्ययन गरेको क्यामपस आंगिक वा सामुदायीक हो भनि सम्बन्धित क्याम्पसले प्रमाणित गरेको पत्र।
५. समावेशी प्रमाणित गर्ने कागजातका प्रतिलिपि।
६. विद्यार्थी परिचय पत्रको प्रतिलिपि।
७. अघिल्ला सेमेष्टरहरूका ग्रेडसिटहरूका प्रतिलिपि।